# बिर्तामोड राजपत्र

बिर्तामोड नगरपालिका बिर्तामोड, झापाद्वारा प्रकाशित

खण्ड : १ | मार्ग ३० गते २०७७ साल | सङ्ख्या : २

## भाग - २

## बिर्तामोड नगरपालिका पशु बीमा सेवा संचालन तथा व्यवस्थापन निर्देशिका २०७७

प्रमाणिकरण मिति: २०७७०८।३०

Scanned with CamScanner

**प्रस्तावना :**

नगरपालिका क्षेत्र भित्र बसोवास गरी पशुपालनमा सम्लग्न रहेका कृषकहरुले पालेका पशुहरुको बीमा गरी कृषकहरुलाई पशुपालन व्यवसायमा जोखिम बहन गर्न सक्षम बनाउन कानूनी व्यवस्था गर्न वान्छनिय भएकोले बिर्तामोड नगरपालिका प्रशासकीय कार्य फछ्र्यौट ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो निर्देशिका बनाई लागु गरेको छ ।

१. <u>संक्षिप्त नाम :</u> यो निर्देशिकाको नाम बिर्तामोड नगरपालिका पशु बीमा सेवा संचालन तथा व्यवस्थापन निर्देशिका २०७७ रहेको छ । यो निर्देशिका तत्काल लागु हुनेछ ।

२. <u>परिभाषा :</u>

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) "निर्देशिका" भन्नाले पशु बीमा सेवा संचालन तथा व्यवस्थापन निर्देशिका २०७७ लाई जनाउँदछ ।

ख) "अनुदान" भन्नाले कृषकले व्यहोर्ने कुल विमांक प्रिमियम रकमको नगरपालिकावाट ब्यहोरिने आधा (५० प्रतिशत) अनुदान रकमलाई जनाउँदछ ।

ग) "कार्यपालिका" भन्नाले बिर्तामोड नगरपालिकाको कार्यपालिकालाई जनाउँछ ।

घ) "पशु बीमा" भन्नाले सरकारी मान्यता प्राप्त बीमा कम्पनीमार्फत गरीने पशुधन सुरक्षा कार्यक्रमलाई जनाउँदछ ।

ङ) "नगरपालिका" भन्नाले बिर्तामोड नगरपालिकालाई जनाउँदछ ।



Scanned with CamScanner

च) "सभा" भन्नाले बिर्तामोड नगरपालिकाको नगर सभालाई जनाउँदछ ।

छ) "कार्यालय" भन्नाले बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई जनाउँदछ ।

ज) "शाखा" भन्नाले बिर्तामोड नगर कार्यपालिकाको कार्यालयको पशु पंक्षी तथा मत्स्य विकास शाखालाई जनाउँदछ ।

३. कार्यक्रमको उद्देश्य :

पशु बीमा सेवा कार्यक्रम सञ्चालनका उद्धेश्य,

क) गाई, भैसी, बाखा तथा बंगुरपालक कृषकहरुलाई अनुदान उपलब्ध गराई पशु बीमा कार्यक्रम सञ्चालन गर्ने ।

ख) कृषकहरुलाई पशुपालन ब्यवसायमा आकर्षित गर्दै लैजाने ।

ग) पशुपालन ब्यवसायलाई मर्यादित एवम् ब्यवसायीकरण बनाउदै लैजाने ।

घ) कृषकहरुको आर्थिक तथा सामाजिक अवस्था सवल तथा सक्षम बनाउँदै लैजाने ।

ङ) पशुपालन कृषकहरुले पालेका पशुहरुको हुने मृत्युको क्षतिबाट जोगाई आर्थिक नोक्सानी न्यूनीकरण गर्ने ।

च) कृषकलाई पशुपालन ब्यवसायमा जोखिम बहन गर्न सक्षम बनाउने ।



Scanned with CamScanner

**४. कार्यक्रम कार्यान्वयन सम्बन्धि व्यवस्था :**

पशु बीमा सेवा कार्यक्रम देहाय बमोजिम सञ्चालन तथा कार्यान्वयन गरीने छ ।

क) पशुपालक कृषकको बसोवास बिर्तामोड नगरपालिका क्षेत्र भित्र रहेको हुनुपर्नेछ ।

ख) यो कार्यक्रम गाई, भैंसी, बाख्रा र बंगुरमा मात्र लागु हुनेछ । यसका लागि कुनै पनि पशुपालक कृषकहरुको पशुहरु (गाई, गोरु, पाडा, पाडी, राँगा, भैंसी, बोका, खसी, बाखा, विर, भूनी) मा गरीएको बीमाको कागजको प्रतिलिपी अनिवार्य पेश गर्नुपर्नेछ ।

ग) आर्थिक वर्ष प्रारम्भ भए पश्चात् चालु गरीएका र असार मसान्त अघि बीमाको म्याद नसकिएको पशुहरुको हकमा मात्र भुक्तानी दिइनेछ ।

घ) वीमितले अनुदान रकम लिनका लागि बीमा गरीएका पशुहरुको स्पष्ट देखिने फोटो अनिवार्य पेश गर्नुपर्नेछ ।

ङ) बीमित कृषकले व्यहोर्ने रकम जतिसुकै भएपनि यस कार्यक्रम मार्फत बढिमा प्रति कृषक रु १०,०००।-(अक्षरेपी दश हजारसम्म मात्र) अनुदान भुक्तानी दिइनेछ ।

च) भुक्तानीका लागि सम्वन्धित वडा कार्यालयको सिफारीस अनिवार्य पेश गर्नुपर्नेछ ।

छ) वीमितले आफ्नो नागरीकताको फोटोकपी पेश गर्नुपर्नेछ ।

ज) अनुसुचि १ बमोजिमको ढाँचामा पूर्ण विवरण भरि पशुपंक्षी विकास शाखामा निवेदन पेश गर्नुपर्नेछ ।



Scanned with CamScanner

झ) पेश भई आएका कागजातहरुको आधारमा नगरपालिकाको कार्यालयले पशुपंक्षी तथा मत्स्य विकास शाखाको सिफारिसको आधारमा भुक्तानी दिइनेछ ।

ञ) गाई/भैसीको बीमा भुक्तानीमा १० माउभन्दा बढी पशुहरुको बीमा गरीएको भएमा पेश भई आएको आवेदन अनुसार फिल्ड अनुगमन गरी प्राप्त प्राविधिक प्रतिवेदनका आधारमा मात्र भुक्तानी दिइनेछ र एकाघर परिवारमा दोहोरो नामबाट गरीएको पशु बस्तुहरुको हकमा कुनै एक पशु ब्यवसायी कृषकलाई मात्र भुक्तानी उपलव्ध गराइनेछ ।

५. **कार्यक्रमको बजेट ब्यवस्थापन :**

क) कार्यक्रम संचालनका लागि आवश्यक बजेट ब्यवस्था नगर सभाबाट हुनेछ ।

ख) कार्यक्रमको अनुगमन नगरपालिकाको अधिकार प्राप्त पदाधिकारीबाट गरीनेछ ।

६. **संसोधन र खारेजी :**

निर्देशिकामा आवश्यकता अनुसार संसोधन गर्ने तथा खारेजी गर्ने सर्वाधिकार कार्यपालिकामा निहित रहनेछ ।

७. **बचाउ :**

यो निर्देशिका लागू हुनुभन्दा अगाडि पशु बीमा सेवा सम्बन्धि भएगरेका काम यसै निर्देशिका बमाजिम भए गरेको मानिनेछ ।



Scanned with CamScanner

## अनुसुचि १
## (बुँदा नं ४ को ज सँग सम्बन्धित निबेदनको ढाँचा)

मिति:

श्री बिर्तामोड नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
पशुपंक्षी तथा मत्स्य विकास शाखा
बिर्तामोड, झापा

विषय : बीमा अनुदानको रकम भुक्तानी सम्वन्धमा ।

उपरोक्त सम्वन्धमा यस नगरपालिकाको कार्यक्रम बमोजिम मैले पालनपोषण गर्दै आएका तपशिल बमोजिमका चौपायाको मृत्यू भएको हुँदा पशु धन सुरक्षाका लागि बीमा गर्दा लागेको रकममध्ये नियमानुसार उपलव्ध हुने कृषक बीमा अनुदान वापतको रकम भुक्तानी दिनुहुन आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु ।

तपशिल :

| बीमित कृषकको नामथर | ठेगाना | सम्पर्क न. | पशुको किसिम र संख्या- | कृषकले तिरेको बीमांक रकम | प्राप्तहुने अनुदान रकम |
|---|---|---|---|---|---|
| | | | | | |

निवेदक
नाम :
हस्ताक्षर :

आज्ञाले,
गणेश प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner